पथरी शनिश्चरे नगरपालिका

मोरङ, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ५ मितिः २०८१।१०।१३

## भाग-२

## पथरी शनिश्चरे नगरपालिका

**कार्यविधिको नामः** आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१०/११

प्रमाणिकरण मितिः २०८१/१०/१३

**प्रस्तावनाः** नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) मा रहेको आधारभूत शिक्षा परीक्षा सञ्चालन सम्बन्धी कार्य गर्न पथरी शनिश्चरे नगरकार्यपालिकाले आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ जारी गरिएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "आधारभूत शिक्षा परीक्षा" भन्नाले आधारभूत तहको अन्तमा लिइने परिक्षालाई सम्झनु पर्छ। साथै यसले कक्षा ५ को अन्त्यमा लिइने वार्षिक परीक्षा समेतलाई बुझाउछ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०८१ सम्झनु पर्छ।

ग) "केन्द्राध्यक्ष" भन्नाले आधारभूत शिक्षा परीक्षा सञ्चालनका निम्ति तोकिएको परीक्षा केन्द्र प्रमुख सम्झनु पर्छ।

घ) "नगरपालिका" भन्नाले पथरी शनिश्चरे नगरपालिका सम्झनु पर्छ।

ङ) "निर्देशक सिमिति" भन्नाले पथरी शनिश्चरे नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९ को दफा ३६ अनुसार गठित सम्झनु पर्छ।

च) "परीक्षण केन्द्र" भन्नाले आधारभूत शिक्षा परीक्षाको उत्तर पुस्तिका परीक्षणका लागि तोकिएको केन्द्र सम्झनु पर्छ।

छ) "परीक्षा केन्द्र" भन्नाले आधारभूत शिक्षा परीक्षा सञ्चालनका निम्ति तोकिएको परीक्षा केन्द्रहरु सम्झनुपर्छ।

ज) "परीक्षा समिति" भन्नाले पथरी शनिश्चरे नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९ को दफा ३८ अनुसार गठित सम्झनु पर्छ।

झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा मन्त्रालय सम्झनु पर्छ।

ञ) "शाखा" भन्नाले पथरी शनिश्चरे नगरपालिका अन्तरगतको शिक्षा,युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

ट) "शाखा प्रमुख" भन्नाले पथरी शनिश्चरे नगरपालिकाका शिक्षा शाखा प्रमुखको रुपमा कार्यरत पदाधिकारी सम्झनुपर्छ।

ठ) "शिक्षा अधिकृत" भन्नाले शिक्षा सेवा समूहको अधिकृत सम्झनु पर्छ र सो शब्दले विद्यालय निरीक्षक समेतलाई जनाउन छ।

ड) "विद्यालय" भन्नाले विद्यमान ऐन नियम बमोजिम स्थापना भई सञ्चालनमा रहेको अनुमति प्राप्त सामुदायिक तथा संस्थागत विद्यालयहरु सम्झनु पर्छ।

## परिच्छेद-२

## परीक्षाको आवेदन, रजिष्ट्रेशन र प्रवेश पत्र सम्बन्धि व्यवस्था

३. **परीक्षा आवेदन फाराम भर्नुपर्ने:** (१) प्रत्येक विद्यालयले आफ्नो विद्यालयमा कक्षा ८ र ५ मा अध्ययनरत विद्यार्थीहरुको आधारभूत शिक्षा परीक्षामा सहभागिताको लागि तोकिए बमोजिमको आवेदन फाराम EMIS प्रणालीबाट तयारी गरी फाराम भराइ शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

(२) आवेदन फाराम भर्नका लागि देहायको शर्त पूरा गरेको हुनु पर्नेछ:

(क) विद्यमान व्यवस्था अनुसार औपचारिक विद्यालय शिक्षा वा खुला शिक्षा वा अनौपचारिक शिक्षा पद्धितिबाट आवेदकले कक्षा सातको अध्ययन पुरा गरी कक्षा आठमा अध्ययनरत रहेको हुनुपर्ने। साथै कक्षा ५ मा कक्षा ४ उत्तीर्ण गरेको प्रमाणपत्र हुनुपर्नेछ।

(ख) परीक्षाको आवेदन साथ कक्षा सातको मार्कसिट वा ग्रेड सिट र जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी तथा संस्थागत विद्यालयहरुले तोकिएको परीक्षा शुल्क बुझाएको नगदी रसिद वा बैंक भौचरको निस्सा अनिवार्य रुपमा पेश गरेको हुनुपर्नेछ।

(ग) परीक्षा आवेदन फाराम शिक्षा शाखाले तोकेको समय भित्र पेश गरिसक्नु पर्नेछ।

(३) विद्यमान कानून बमोजिम स्थापना भई सञ्चालन भइरहेको सामुदायिक विद्यालय, परम्परागत धार्मिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, बैकल्पिक विद्यालय, विशेष विद्यालयले तोकिए बमोजिमको आवेदन फाराम भराउनु पर्नेछ।

**सिम्वल नं कायम गर्ने:** (१) पथरी शनिश्चरे नगरपालिका शिक्षा शाखामा पेश हुन आएका कक्षा ८/५ मा अध्ययनरत विद्यार्थीहरुको परीक्षा आवेदन फाराम शिक्षा शाखा जाँचवुझ गरी सिम्वोल नं कायम गर्ने छ।

(२) शिक्षा शाखाले सिम्वोल नं कायम भएका विद्यार्थीहरुको परीक्षाको रोल नम्बरसहितको प्रवेश-पत्र उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-३

## परीक्षा समिति सम्बन्धी व्यवस्था

४. **परीक्षा समितिको गठन:** (१) पथरी शनिश्चरे नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९ को दफा ३६ अनुसार नगरपालिकाका विद्यालयहरूमा सञ्चालन हुने परीक्षा समन्वयका लागि देहायको एक नगरस्तरीय परीक्षा निर्देशक समिति रहनेछ :

प्रमुख प्रशासकीय अधिकृत

शशी राई
प्रमुख प्रशासकीय अधिकृत

(क) नगर प्रमुख/नगर शिक्षा समितिको अध्यक्ष - अध्यक्ष

(ख) नगरपालिकाका उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालयका प्रमुख एक (१) जना - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख सदस्य-सचिव

(२) नगरस्तरीय परीक्षा व्यवस्थापन निर्देशक समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**६. नगरस्तरीय परीक्षा व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकार :**

(१) नगरस्तरीय परीक्षा व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) परीक्षा सञ्चालन व्यवस्थापनसम्बन्धी नीति निर्धारण गर्ने,

(ख) स्थानिय तहको सिकाइ उपलब्धिको न्यूनतम शैक्षिक स्तर कायम गर्ने,

(ग) विद्यालयको समूह विभाजन गरी परीक्षा केन्द्र तोक्ने,

(घ) परीक्षा शुल्क, परीक्षासम्बन्धी काममा संलग्न व्यक्तिहरूको पारिश्रमिक निर्धारण गर्ने,

(ङ) कुनै परीक्षा केन्द्रमा अनियमितता भएको भनी परीक्षा व्यवस्थापन समितिले गरेको सिफारिसको आधारमात्यस्तो परीक्षा बदर गरी पुनः परीक्षा गराउने व्यवस्था गर्ने,

(च) परीक्षाफल प्रकाशित गर्ने तथा उत्तीर्ण परीक्षार्थीलाई प्रमाणपत्र दिने व्यवस्था गर्ने,

(छ) परीक्षासम्बन्धी नियम उल्लङ्घन गर्ने शिक्षक तथा कर्मचारीलाइ आवश्यक कारबाही गर्ने,

(ज) विपत् वा अन्य कुनै कारणबाट तोकिएको समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा परेमा तुरुन्त आवश्यक निर्णय गर्ने,

(झ) परीक्षाफल प्रकाशित भई पुनर्योगको समय सकिएको ३ महिनापछि नियमित प्रक्रिया अपनाई उत्तरपुस्तिका एवं अन्य परीक्षासँग सम्बन्धित कागजातहरू धुल्याउने,

(ञ) नगरपालिका अन्तर्गतका विद्यालयहरूका आधारभूत तहमा सञ्चालन हुने परीक्षाका लागि आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा परिचालन समिति परिचालन गर्ने।

**७. आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति :** (१) पथरी शनिश्चरे नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ३८ अनुसार नगरपालिका अन्तर्गतका विद्यालयहरूका आधारभूत तह (कक्षा ५ र ८) मा सञ्चालन हुने परीक्षाका लागि देहायको एक आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

(क) शिक्षा शाखा प्रमुख -अध्यक्ष

शशी राई
प्रमुख प्रशासकीय अधिकृत

(ख) आधारभूत तहमा कार्यरत शिक्षकहरूको समेत प्रतिनिधित्व हुनेगरी कम्तीमा १ जना महिला र १ जना संस्थागत विद्यालयका शिक्षकसहित नगर शिक्षा समितिका अध्यक्षले मनोनीत गरेका तीन (३) जना -सदस्य

(ग) शिक्षा अधिकृत/विद्यालय निरीक्षक वा सहायकस्तर पाचौ -सदस्य सचिव

(२) आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा परिचालन समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(३) मनोनीत सदस्यको पदावधि ३ वर्षको हुनेछ।

**८. आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा परिचालन समितिको काम ,कर्तव्य र अधिकार :**

(१) परीक्षा सञ्चालन तथा परिचालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) नगरस्तरीय परीक्षा व्यवस्थापन निर्देशक समितिले परीक्षा सञ्चालन व्यवस्थापनसम्बन्धी निर्धारण गरेको नीति नियम कार्यान्वयन गर्ने.

(ख) पाठ्यक्रम तथा विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र, उत्तरकुञ्जिका निर्माण, छपाई, ढुवानी तथा भण्डारण गर्ने, गराउने,

(ग) प्रश्नपत्र निर्माणकर्ता, परीक्षक तथा सेमपरीक्षक लगायत परीक्षासम्बन्धी काम गर्न आवश्यक कर्मचारी नियुक्ति गर्ने,

(घ) निष्पक्ष र नियमित तरिकाबाट परीक्षा सञ्चालन गर्ने, उत्तरपुस्तिका परीक्षण गराउने र यसमा संलग्न व्यक्तिहरूलाई आवश्यक निर्देशन दिने,

(ङ) परीक्षा सञ्चालन व्यवस्थापन सम्बन्धमा सङ्घ तथा प्रदेश मन्त्रालयले तोकेबमोजिमका अन्य कार्य गर्ने,

(च) निर्देशक समितिसँगको समन्वयमा परीक्षाको अनुगमन निरीक्षण गर्ने गराउने,

(छ) विद्यार्थीको प्राप्ताङ्क गोप्य रुपमा EMIS मा प्रविष्टी गर्ने/गराउने,

(ज) नतिजा प्रकाशन तथा प्रमाणिकरण गर्ने,

(झ) स्तरवृद्धि परीक्षा सञ्चालन गर्ने गराउने।

(२) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन नगर शिक्षा समितिबाट स्वीकृत थप मापदण्ड बमोजिम समितिले गर्नेछ।

## परिच्छेद-४

## प्रश्नपत्र निर्माण, परिमार्जन तथा छपाई

**९. प्रश्नपत्र निर्माण गर्ने:** (१) आधारभूत शिक्षा परिक्षाको लागि प्रश्नपत्र निर्माण गर्दा देहायका

आधारहरुलाई ध्यान दिनु पर्नेछ:

(क) कक्षा ८/५ को विषयगत पाठ्यक्रम आधारमा स्तरीय प्रश्न निर्माण गर्नुपर्ने,

(ख) पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएको कक्षा आठ/पाँचको विषयगत विशिष्टीकरण तालिका अनुरुप प्रश्नपत्र निर्माण गर्नुपर्ने,

(ग) प्रश्नपत्र निर्माण सम्बन्धि कार्य गोप्य रुपमा गर्नुपर्ने।

(२) नगरपालिका क्षेत्रका विद्यालयका शिक्षकहरु मध्येबाट विषयगत शिक्षक छनौट गरी प्रश्नपत्र निर्माण गर्न लगाइने छ। यसरी प्रश्नपत्र निर्माण गर्दा गोप्यता कायम गर्नुपर्नेछ।

(३) प्रत्येक विषयको कम्तिमा तीन सेट प्रश्न पत्र निर्माण गर्नुपर्नेछ।

(४) विषयगत शिक्षकहरुबाट निर्मित प्रश्नपत्रहरु संकलन तथा सुरक्षा सम्बन्धि कार्य परीक्षा समितिको सचिवालयले गर्ने छ। साथै प्रश्नपत्र निर्माण मोडरेसनमा आवश्यक शिक्षकहरुको मनोनयन तथा नियुक्ति शिक्षा प्रमुखबाट हुनेछ।

**१०. प्रश्नपत्रको परिमार्जन गर्ने:** (१) प्रश्नपत्र निर्माताले निर्माण गरेको सबै विषयका प्रश्नहरुको समानान्तर सेटबाट छनौट गरी प्रश्नपत्र परिमार्जन गरिने छ।

(२) प्रश्नपत्र परिमार्जन गरिसकेपछि टाइप सम्पादन र छपाई कार्य परीक्षा समितिको निर्देशनमा परीक्षा समितिको सचिवालयले गर्ने छ।

**११. प्रश्नपत्र छपाई सम्बन्धि व्यवस्था:** (१) परीक्षामा आवश्यक उत्तरपुस्तिका तथा प्रश्नपत्र छपाईका लागि गोप्य सूचीकृत छापाखानाबाट दररेट माग गरी छपाइको काम गर्नुपर्नेछ।

**१२. प्रश्नपत्र निर्माता र परिमार्जनको छनोट र नियुक्ति गर्ने:** (१) परीक्षा समितिले बनाएको मापदण्डका आधारमा प्रश्नपत्र निर्माता र प्रश्नपत्र परिमार्जनकर्ता छनौट गर्ने र उनीहरुलाई नियुक्ति दिने कार्य नगर शिक्षा शाखाको हुनेछ।

(२) प्रश्नपत्र निर्माता र परिमार्जनकर्तालाई नियुक्ति दिदा कार्य सम्पन्न गर्ने समयावधि समेत स्पष्टसँग तोक्नुपर्नेछ।

(३) प्रश्नपत्र निर्माता र परिमार्जनकर्ताले तोकिएको समयावधिभित्र आफूलाई तोकिएको जिम्मेवारी पुरा गर्नु पर्नेछ।

(४) यस बुदाँका उपदफा (२) बमोजिमको समयावधि भित्र कार्य सम्पन्न नगर्ने प्रश्नपत्रकोगोपनियता कायम नगर्ने प्रश्नपत्र निर्माण वा प्रश्नपत्र परिमार्जनकर्तालाई नियुक्ति गर्ने अधिकारीले कारवाही गर्न सक्नेछ। यस्तो अवस्थामा तत्काल प्रश्न निर्माण र परिमार्जनका लागि वैकल्पिक व्यवस्था गर्नुपर्नेछ।

## परिच्छेद -५

## परीक्षा केन्द्र केन्द्राध्यक्ष,सहायक केन्द्राध्यक्ष, निरीक्षक र अन्य कर्मचारी सम्बन्धि व्यवस्था

१३. **परीक्षा केन्द्र तोक्ने:** परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले विद्यालयहरुको भौगोलिक दुरी समूह विद्यालयबाट परीक्षामा सहभागी हुने बिद्यार्थीहरुको संख्या परीक्षा केन्द्रमा उपलब्ध भौतिक सुबिधा परीक्षा सञ्चालन तथा व्यवस्थापनमा लाग्नेअनुमानित खर्च लगायतका मापदण्डका आधारमा दुई वा दुई भन्दा बढी विद्यालयहरुको पायक पर्ने विद्यालयलाई परीक्षा केन्द्र तोक्नु पर्नेछ। यसरी केन्द्र निर्धारण गर्दा आफ्नै विद्यालयमा परीक्षा लेख्ने गरी कायम गर्न पाइने छैन।

१४. **केन्द्राध्यक्ष नियुक्ति गर्ने:** (१)परीक्षा समितिको निर्णय अनुसार केन्द्राध्यक्ष नियुक्ति गरिनेछ।

(२) केन्द्राध्यक्ष नियुक्ति गर्दा परीक्षा केन्द्र रहेकै विद्यालयका प्रधानाध्यापकलाई प्राथमिकता दिइनेछ। प्र.अ.केन्द्राध्यक्ष नभएका विद्यालयको वरिष्ठ शिक्षकलाई केन्द्राध्यक्ष नियुक्ति गरिनेछ।

(३) परीक्षा व्यवस्थापनमा प्रतिकूल असर पार्ने अमर्यादित कार्य गरेमा केन्द्राध्यक्षलाई परीक्षा समितिले जिम्मेवारीबाट हटाई वैकल्पिक व्यवस्था गर्न सक्नेछ।

१५. **सहायक केन्द्राध्यक्ष र अन्य कर्मचारी नियुक्ति गर्ने:** (१) परीक्षा सञ्चालनका लागि आवश्यक सहायक केन्द्राध्यक्ष निरीक्षक र अन्य आवश्यक कर्मचारीको नियुक्ति केन्द्राध्यक्षले गर्नेछ।

(२) परीक्षा व्यवस्थापनमा प्रतिकूल असर पार्ने अमर्यादित कार्य गरेमा केन्द्राध्यक्षले सहायक केन्द्राध्यक्ष वा अन्य कर्मचारीलाई जिम्मेवारीबाट हटाई वैकल्पिक व्यवस्था गर्न सक्नेछ।

१६. **केन्द्राध्यक्षको काम कर्तव्य र अधिकार:** (१) केन्द्राध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क)परीक्षा केन्द्रमा भयरहित वातावरण कायम गरी परीक्षा मर्यादित एवम् व्यवस्थित ढङ्गले सञ्चालन गर्ने

(ख)परीक्षा सञ्चालनमा बाधा पुग्ने वा परीक्षाको वातावरण खल्बल्याउने खालका अमर्यादित कार्य गर्ने व्यक्तिलाई कारबाही गर्ने

(ग) परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने सहायक केन्द्राध्यक्ष निरीक्षक र अन्य कर्मचारी नियुक्ति गर्ने

(घ) परीक्षा समितिको निर्णय बमोजिम समयमा परीक्षा सुरु गर्ने, परीक्षा सञ्चालन गर्ने,उत्तरपुस्तिका संकलन गरी सुरक्षितसाथ परीक्षा समितिले तोकेको ठाउँमा बुझाउने

(ङ) परीक्षाको अनुगमन क्रममा अनुगमनकर्ताले दिएका सुझावहरु कार्यान्वयन गर्ने गराउने

(च) परीक्षा समितिले तोकेको अन्य कार्य गर्ने

(२) केन्द्राध्यक्षलाई परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कुनै जटिलता आइपरेमा सोको जानकारी तत्काल परीक्षा समितिलाई गराउनु पर्नेछ। आइपरेको जटिलताको विषयमा परीक्षा समितिले आवश्यक निर्देशन दिनु पर्नेछ। निर्देशन प्राप्त भए पछि केन्द्राध्यक्षले सोही निर्देशन बमोजिम गर्नु पर्नेछ।

## परिच्छेद-६

## उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण

**१७. उत्तर पुस्तिका परीक्षण गराउनेः** (१) आधारभूत शिक्षा परीक्षाको उत्तरपुस्तिका संकलन भइसकेपछि परीक्षण केन्द्र तोकी उत्तरपुस्तिका परीक्षण गराइनु पर्नेछ।

(२) उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गर्नु अघि कोडिङ र परीक्षण एवम् सम्परीक्षण गरीसके पछि डिकोडिङ सम्बन्धी व्यवस्था गरिने छ।

(३) उत्तरपुस्तिका परीक्षकको नियुक्ति नगर शिक्षा शाखाले गर्नेछ।

(४) उत्तरपुस्तिका परीक्षणमा अनियमितता गर्ने शिक्षकलाई प्रचलित शिक्षा ऐन तथा कानुन अनुसार कारवाहि गरिनेछ।

**१८. उत्तर पुस्तिका सम्परीक्षण गर्नेः** (१) आवश्यकताअनुसार परीक्षण गरिएका उत्तर पुस्तिकाहरु सम्परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने छ।

(२) सम्परीक्षण गर्दा कम्तिका दश प्रतिशत उत्तर पुस्तिकाहरु पुरै परीक्षण गर्नु पर्नेछ। अन्य उत्तर पुस्तिकाहरुमा दिएको अंक र तिनीहरुको योगफल परीक्षण गर्नु पर्नेछ।

(३) उत्तर पुस्तिका सम्परीक्षकको नियुक्ति नगर शिक्षा शाखाले गर्नेछ।

## परिच्छेद -७

## नतिजा तयारी प्रकाशन र प्रमाणपत्र वितरण

**१९. परीक्षाको नतिजा तयारी गर्नेः** (१) परीक्षा समितिले आधारभूत शिक्षा परीक्षाको नतिजा तयारी गर्दा कक्षा ५ को हकमा विद्यालयलाई नै तयारी गर्न परीक्षा समितिले निर्देशन दिनेछ साथै कक्षा ८ को परीक्षा समिति आफैले जनशक्ति व्यवस्थापन गरी गर्नेछ।

(२) नतिजा प्रकाशन परीक्षा समितिको निर्णय बमोजिम हुनेछ।

**२०. परीक्षाको नतिजा प्रकाशन गर्नेः** (१) आधारभूत शिक्षा परीक्षाको नतिजा तयार पारिसकेपछि परीक्षा समितिले नतिजा प्रकाशन गर्नेछ।

(२) नतिजा प्रकाशन गर्दा नगरपालिकाको वेवसाइटमार्फत सूचना संप्रेषण गर्नु पर्नेछ।

२१. **प्रमाणपत्र वा ग्रेड सिट वितरण गर्नेः** (१) परीक्षामा सामेल भएका सम्पूर्ण विद्यार्थीहरुलाई IEMIS प्रणालीबाट जारी हुने प्रमाणपत्र वा ग्रेड सिट वितरण गर्नु पर्नेछ।

२२. **परीक्षाफल प्रमाणिकरणः** (१) विद्यार्थीलाई प्रदान गरिने ग्रेड सिट तथा ग्रेड लेजरमा विद्यालयका प्र.अ. र समितिका सदस्य सचिवले प्रमाणिकरण गर्नुपर्नेछ।

(२) शिक्षा शाखाबाट ग्रेड सिट रुजू गर्न पहिलो पटक विद्यालयमा प्रठाइने छ। विद्यालयले विवरण रुजू गरी प्रमाणिकरणका लागि शिक्षा शाखामा पठाउनु पर्नेछ।

(३) परीक्षाको प्रमाणपत्र परीक्षा समितिको सचिवालयले विद्यालयलाई पठाउने छ। विद्यालयहरुले आफ्ना विद्यार्थीहरुको प्रमाणपत्र वा ग्रेड सिट वितरण गर्ने छन्।

(४) प्रमाणिकरण भएको ग्रेड लेजर एक प्रति शिक्षा शाखामा र एक प्रति सम्बन्धित विद्यालयमा राख्नु पर्नेछ।

२३. **प्रतिलिपि सम्बन्धि व्यवस्थाः** (१) कुनै विद्यार्थीले ग्रेड सिटको प्रतिलिपिका लागि विद्यालयको सिफारिससहित माग गरेमा सदस्य सचिवले ग्रेड सिटको प्रतिलिपि जारी गरी प्रमाणित गर्नुपर्नेछ।

२४. **आन्तरिक परीक्षाको नतिजा उपलब्ध गराउनु पर्नेः** (१) नतिजा तयारीका निम्ति विद्यालयले आन्तरिक परीक्षाको नतिजा तयार पारी प्रणालीमा परीक्षा सुरु हुनु भन्दा अगाडि नै अध्यावधिक गर्नुपर्नेछ साथै सोको हार्ड कपी शाखामा उपलब्ध गराउनु पर्नेछ।

(२) कुनै विद्यालयले आन्तरिक परीक्षाको नतिजा समयमै उपलब्ध नगराएमा त्यस्तो विद्यालयको नतिजा स्थगित गरी परीक्षा समितिले विद्यालयलाई कारबाही गर्न सक्ने छ।

(३) विद्यार्थीले प्राप्त गरेको आन्तरिक परीक्षाको नतिजाका प्रमाणहरु परीक्षा समितिले छड्के जाँच गर्न सक्ने छ। प्रयोगात्मक कार्यको प्रमाण र विद्यार्थीको प्राप्ताङ्कबिच तालमेल नमिलेको पाइएमा परीक्षा समितिको निर्णय अनुसार त्यस्तो मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्तालाई कारबाही गर्न सकिने छ।

## परिच्छेद -८

## परीक्षाको अनुगमन सम्बन्धि व्यवस्था

२५. **परीक्षाको अनुगमन गर्नेः** (१) परीक्षा समितिले निर्देशक समिति तथा परीक्षा समितिका सदस्य रहने गरी आधारभूत शिक्षा परीक्षाको लागि अनुगमनकर्ता तोक्ने छ।

(२) यस दफाको उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिकाका पदाधिकारी र नगर शिक्षा शाखाका कर्मचारीहरु तथा परीक्षा समितिका सदस्यहरुले परीक्षाको अनुगमन गर्न सक्ने छन्।

(३) यस दफाको उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार संघीय शिक्षा विभाग वा प्रदेश सामाजिक विकास मन्त्रालयबाट अनुगमन गर्न कुनै बाधा पर्ने छैन।

(४) अनुगमनकर्ताले परीक्षा अनुगमन प्रतिवेदन पथरी शनिश्चरे नगरपालिका शिक्षा शाखामा पेश गर्नु पर्नेछ।

## परिच्छेद -९

## विविध

२६. **परीक्षा शुल्क तिर्नुपर्ने:** (१) परीक्षामा सामेल हुने संस्थागत विद्यालयले परीक्षा समितिले तोके बमोजिमको परीक्षा शुल्क तिर्नु पर्ने छ। साथै उक्त रकम नगरपालिकाको राजश्व शाखामा जम्मा गर्नु पर्नेछ। तर सामुदायिक विद्यालयले भने परीक्षा शुल्क तिर्नुपर्ने छैन। विद्यार्थीबाट परीक्षा शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) बमोजिमको शुल्क नगरपालिकाको राजस्व शाखामा जम्मा गर्नु पर्ने छ।

२७. **परीक्षामा खटिने कर्मचारीलाई पारिश्रमिक उपलब्ध गराउने:** परीक्षामा खटिने प्रश्नपत्र निर्माता प्रश्नपत्र परिमार्जनकर्ता अनुगमनकर्ता प्रश्न मोडरेसनकर्ता टाइपकर्ता उत्तर पुस्तिका परीक्षणकर्ता लगायतको पारिश्रमिक परीक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

२८. **ग्रेड वृद्धि परीक्षा सञ्चालन गर्न सक्ने:** विद्यमान कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी परीक्षा समितिले आवश्यकता अनुसार ग्रेड वृद्धि परीक्षाको व्यवस्था गर्न सक्ने छ। ग्रेड वृद्धि परीक्षा सम्बन्धि अन्य व्यवस्था पाठ्यक्रम विकास केन्द्र तथा राष्ट्रिय परीक्षा बोर्डबाट जारी गरिएका अन्य मापदण्ड अनुसार हुनेछ।

२९. **विवरण उपलब्ध गराउनु पर्ने:** (१) आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक विवरण तथा तथ्यङ्कहरु सम्बन्धित विद्यालयले परीक्षा समितिका सचिवालयमा उपलब्ध गराउनु पर्नेछ।

शशि राई
प्रमुख प्रशासकीय अधिकृत

(३) यस दफाको उपदफा (१) मा जुनजुसै कुरा लेखिएको भए तापनि नेपाल सरकार, संघीय शिक्षा विभाग वा प्रदेश सामाजिक विकास मन्त्रालयबाट अनुगमन गर्न कुनै बाधा पर्ने छैन।

(४) अनुगमनकर्ताले परीक्षा अनुगमन प्रतिवेदन पथरी शनिश्चरे नगरपालिका शिक्षा शाखामा पेश गर्नु पर्नेछ।

## परिच्छेद -९

## विविध

२६. **परीक्षा शुल्क तिर्नुपर्ने:** (१) परीक्षामा सामेल हुने संस्थागत विद्यालयले परीक्षा समितिले तोके बमोजिमको परीक्षा शुल्क तिर्नु पर्ने छ। साथै उक्त रकम नगरपालिकाको राजश्व शाखामा जम्मा गर्नु पर्नेछ। तर सामुदायिक विद्यालयले भने परीक्षा शुल्क तिर्नुपर्ने छैन। विद्यार्थीबाट परीक्षा शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) बमोजिमको शुल्क नगरपालिकाको राजस्व शाखामा जम्मा गर्नु पर्ने छ।

२७. **परीक्षामा खटिने कर्मचारीलाई पारिश्रमिक उपलब्ध गराउने:** परीक्षामा खटिने प्रश्नपत्र निर्माता प्रश्नपत्र परिमार्जनकर्ता अनुगमनकर्ता प्रश्न मोडरेसनकर्ता टाइपकर्ता उत्तर पुस्तिका परीक्षणकर्ता लगायतको पारिश्रमिक परीक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

२८. **ग्रेड वृद्धि परीक्षा सञ्चालन गर्न सक्ने:** विद्यमान कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी परीक्षा समितिले आवश्यकता अनुसार ग्रेड वृद्धि परीक्षाको व्यवस्था गर्न सक्ने छ। ग्रेड वृद्धि परीक्षा सम्बन्धि अन्य व्यवस्था पाठ्यक्रम विकास केन्द्र तथा राष्ट्रिय परीक्षा बोर्डबाट जारी गरिएका अन्य मापदण्ड अनुसार हुनेछ।

२९. **विवरण उपलब्ध गराउनु पर्ने:** (१) आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक विवरण तथा तथ्यङ्कहरु सम्बन्धित विद्यालयले परीक्षा समितिको सचिवालयमा उपलब्ध गराउनु पर्नेछ।

आज्ञाले,
शशि राई
प्रमुख प्रशासकीय अधिकृत